# दिब्योल लुब्रिकेन्टको नेपालमै उत्पादन सुरु

**काठमाडौं ।** दिब्योल लुब्रिकेन्ट्सको नेपालका लागि आधिकारिक बिक्रेता सत्यदिप इन्टरनेसनलले 'मिट एण्ड ग्रिट' कार्यक्रम सम्पन्न गरेको छ । सो अवसरमा कम्पनीले नेपालमै उत्पादन थालेको घोषणासमेत गरेको छ । दिब्योल लुब्रिकेन्ट्सको उत्पादक कम्पनी गान्धार आयल रिफाइनरी (इण्डिया) लिमिटेड र सत्यदिप ग्रुपले सो घोषणा गरेका हुन् ।

सोमबार ललितपुरमा आयोजित कार्यक्रमम कम्पनीका प्रबन्ध निर्देशक समिर पारेख, सेल्स हेड सिल्भानस परमार, नेपाल अटो मेकानिक्स व्यवसायी संघका निवर्तमान अध्यक्ष ठाकुरप्रसाद न्यौपाने र सत्यदिप इन्टरनेसनलका प्रबन्ध निर्देशक दिपेन्द्रकुमार मिश्रलगायतको उपस्थिति रहेको थियो ।

सयभन्दा बढी रिटेलर र मेकानिक्स सहभागी कार्यक्रममा दिब्योल लुब्रिकेन्ट्सको गुणस्तर र उपलब्ध प्रोडक्ट रेन्जबारेमा जानकारी गराइएको थियो । सो अवसरमा गान्धार आयल रिफाइनरीका सेल्स हेड सिल्भानस परमारले दिब्योल लुब्रिकेन्ट्सको गुणस्तर, विशेषता र नेपालमै उत्पादन थाल्नुको कारण चर्चा गर्नुभएको थियो । पेट्रोलियम प्रोडक्ट उत्पादनमा विश्वकै अग्रणीमध्ये एक दिब्योल लुब्रिकेन्ट्स हाल विश्वका एक सय छभन्दा बढी देशमा बिक्री हुँदै आएको उहाँको भनाइ थियो । परमारले भन्नुभयो, 'दिब्योलले हाल भारत, युएई र नेपालमा उच्च गुणस्तरको लुब्रिकेन्ट्स उत्पादन गर्दै आएको छ । हामीसँग विश्वकै उत्कृष्ट फर्मुलेसन तथा रिसर्च एण्ड डेभलपमेन्ट सुविधा छ । गुणस्तर अब्बल भएकै कारण मर्सिडिज बेन्ज, भल्भो र अतुलजस्ता विश्व प्रख्यात ब्राण्डले दिब्योललाई आफ्नो सवारी साधनमा प्रयोग गर्न सिफारिस गरेका छन् । हामीसँग लुब्रिकेन्ट्सका साथै अटो केयर प्रोडक्टसमेत उपलब्ध छ ।' नेपाली उपभोक्तालाई मूल्यमा थप सहुलियत दिन र पहुँच विस्तार गर्न सत्यदिप ग्रुपसँग मिलेर नेपालमै उत्पादन गरिएको उहाँको भनाइ थियो । सत्यदिप ग्रुपका प्रबन्ध निर्देशक दिपेन्द्रकुमार मिश्रले गान्धार आयल रिफाइनरीकै फर्मुलेसनमा आधारित भएर उत्पादन नेपालमा गरिएको जानकारी गराउनुभयो ।

## टेलिकमको २१औं वार्षिकोत्सव

# सर्वसाधारणको सेयर स्वामित्व २५ प्रतिशत पुऱ्याइने

**हिमालय टाइम्स**
काठमाडौं, २२ माघ




लगभग सरकारको पूर्ण स्वामित्वमा रहेको नेपाल टेलिकममा अब सरकारले सर्वसाधारणको सेयर स्वामित्व बढाएर २५ प्रतिशत पुऱ्याउने भएको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरूङले नेपाल टेलिकममा सर्वसाधारणको सेयर स्वामित्व २५ प्रतिशत पुऱ्याउने घोषणा गर्नुभएको हो । मंगलबार नेपाल टेलिकमको २१औं वार्षिकोत्सव समारोह उद्घाटन गर्दै उहाँले टेलिकमलाई सबैले गर्व गर्ने कम्पनी बनाउन सर्वसाधारणको माया बढाउनुपर्ने र त्यसका लागि सर्वसाधारण नागरिकको सेयर स्वामित्व बढाउनुपर्ने आवश्यकता औंल्याउनुभएको हो । मन्त्री गुरुङले भन्नुभयो, 'सरकारी स्वामित्वको संस्थाप्रति जनमानसमा त्यति राम्रो धारणा छैन । सर्वसाधारणको स्वामित्व बढेपछि अपनत्व महसुस हुन्छ । त्यसपछि जनताप्रति बढी जिम्मेवार हुनुपर्छ । जनताको ओनरसिप बढ्यो भने माया पनि बढ्छ । संस्था बिग्रिन लाग्यो भने जनताले खबरदारी पनि गर्छन् । त्यसैले नेपाल टेलिकम, नेपाल विद्युत् प्राधिकरणलगायतका संस्थामा सर्वसाधारणको सेयर स्वामित्व हुनुपर्छ भनेर सरकार त्यसको तयारीमा लागिसकेको छ ।' हाल नेपाल टेलिकममा ९२ प्रतिशत सेयर सरकार र बाँकी आठ प्रतिशत सर्वसाधारणको रहेको छ । सर्वसाधारणको आठ प्रतिशत सेयर स्वामित्व बढाएर २५ प्रतिशत पुऱ्याउन लागिएको हो । साथै मन्त्री गुरुङले नेपाल टेलिकमको नाफा घटेकोमा चिन्ता व्यक्त गर्दै सेवा विस्तार र सेवा विविधिकरणमा जोड दिन निर्देशन दिनुभयो । उहाँले भन्नुभयो, 'सीमित जनशक्ति भएका निजी क्षेत्रका दूरसञ्चार सेवा प्रदायक कम्पनीहरूले गाउँ-गाउँसम्म आफ्नो पूर्वाधार विस्तार गरिरहेका छन् तर यति धेरै दक्ष जनशक्ति र स्रोत साधन भएको टेलिकम प्रतिस्पर्धी बन्न किन सकेन ? भ्वाइस सेवासँगै डाटा सेवाको पनि व्यापक विस्तार अहिलेको आवश्यकता हो । सर्वसुलभ र गुणस्तरीय सेवामा जोड दिनुपर्छ ।' उपभोक्ताको चाहनाअनुरूप सेवाहरूको आधुनिकीकरण, विकास र परिमार्जन गर्दै सबै स्थानमा फोरजी सेवा पुऱ्याउन बदलिँदो परिवेशसँग सुहाउँदो सेवाका क्षेत्र पहिचान गरी त्यसतर्फ ध्यान दिन निर्देशन दिँदै मन्त्री गुरुङले सरकार समयसापेक्षरूपमा दूरसञ्चारसम्बन्धी नीति नियममा परिमार्जन गर्दै टेलिकमको व्यवस्थित सञ्चालनका लागि सहयोग गर्न तयार रहेको बताउनुभयो ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव तथा कम्पनी सञ्चालक समिति अध्यक्ष राधिका अर्यालले समस्त देशवासीलाई दूरसञ्चार सेवाको सहज उपभोग गर्न पाउने अवस्थाको सुनिश्चितताका साथै डिजिटल विभाजन न्यूनीकरण गर्दै मुलुकलाई डिजिटलाइजेसन गर्ने सरकारको योजनामा अझै योगदान गर्न कम्पनी सफल हुने विश्वास व्यक्त गर्नुभयो । नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष भूपेन्द्र भण्डारीले पनि पूर्वाधारमा जोड दिँदै सर्वसुलभरूपमा सेवा दिनेतर्फ कम्पनी केन्द्रित हुनुपर्ने बताउनुभयो । त्यसका लागि दूरसञ्चार प्राधिकरण सहजीकरण गर्न तयार रहेको पनि उहाँले बताउनुभयो । भण्डारीले भन्नुभयो, 'दूरसञ्चार सेवामा प्रतिस्पर्धी बन्न नयाँ-नयाँ प्रविधि भित्र्याएर सेवा विविधिकरण गर्नुपर्छ र लागत खर्च घटाउँदै कम्पनीले प्रदान गर्ने सेवालाई सस्तो बनाउँदै लैजाउनुपर्छ ।'

कम्पनीका प्रबन्ध निर्देशक संगीता पहाडी अर्यालले भ्वाइस सेवातर्फ २०८१ मंसिरको अन्त्यसम्म कम्पनीको ग्राहक संख्या दुई करोड १२ लाख ४२ हजारभन्दा बढी पुगेको जानकारी दिनुभयो । जसमध्ये जिएसएम मोबाइल सेवाका ग्राहक दुई करोड सात लाख ७४ हजार, पिएसटिएन सेवाका ग्राहक ८७ हजार तथा एफटिटिएच भ्वाइस सेवाका ग्राहक तीन लाख ८० हजार रहेका उहाँले बताउनुभयो । अर्यालका अनुसार २०८१ मंसिरमा भ्वाइस सेवातर्फ नेपाल टेलिकमको बजार हिस्सा ५०.४४ प्रतिशत रहेको छ । त्यस्तै, इन्टरनेट तथा डाटा सेवातर्फ २०८१ मंसिरसम्म दुई करोड ११ लाखभन्दा बढी ग्राहक रहेका छन् । त्यसमध्ये जिएसएम मोबाइल डाटा सेवा प्रयोगकर्ता दुई करोड सात लाख तथा एफटिटिएच डाटा सेवा प्रयोगकर्ता तीन लाख रहेका छन् । जिएसएम फोरजी सेवातर्फ हालसम्म करिब एक करोड ६४ लाख ग्राहक संख्या रहेको छ ।

त्यस्तै, आर्थिक वर्ष २०८०/८१ मा कम्पनीको कुल आय ४२ अर्ब ११ करोड र खुद मुनाफा छ अर्ब २३ करोड रहेको छ । जुन अघिल्लो आर्थिक वर्षको तुलनामा घटेको हो । चालु आर्थिक वर्षको पुससम्म कम्पनीले करिब २० अर्ब १२ करोड आर्जन गरेको छ ।

मोबाइल नेटवर्क नभए पनि फोनमा कुराकानी गर्न सकिने सेवा सुरु गरेको छ ।

२१औं वार्षिकोत्सवका अवसरमा सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङले भिओवाइफाई सेवाको व्यावसायिकरूपमा उद्घाटन गरेसँगै उक्त सेवा सञ्चालनमा आएको हो । उक्त प्रविधिमार्फत् भिओवाइफाई सपोर्ट गर्ने र भिओएलटिई सेवा एक्टिभ भएको जुनसुकै मोबाइल फोनबाट देशभित्र तथा बाहिरबाट वाइफाई नेटवर्कमार्फत् नेपाल टेलिकमकै मोबाइल नम्बरबाट भ्वाइस तथा एसएमएस सेवा प्रयोग गर्न सकिन्छ ।

# कोशी प्रदेश बन्दप्रति निजी क्षेत्रको चिन्ता

**हिमालय टाइम्स**
काठमाडौं, २२ माघ

नेपालका तीनवटा निजी क्षेत्रका संगठनहरूले पाथीभरा (मक्कुम्लुङ) क्षेत्रको पर्यटन विकास तथा प्रवर्द्धन गर्न केबलकार निर्माणको परियोजना अघि बढिरहेका सन्दर्भमा विरोध गर्दै भइरहेका गतिविधिप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै बन्द हड्तालका कार्यक्रम तत्काल रोक्न आग्रह गरेका छन् ।

मंगलबार नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्सले संयुक्त विज्ञप्ति जारी गर्दै परियोजना विषयलाई लिएर कोशी प्रदेशका जिल्लामा भइरहेको बन्द हड्तालले त्यहाँको शैक्षिक, आर्थिक तथा सामाजिक जनजीवनसमेत अस्तव्यस्त भएको, सर्वसाधारणले सास्ती भोग्नुपरेको र यस्ता गतिविधिले देशको पूर्वाधार विकासका लागि लगानीमैत्री वातावरण बिथोलिने अवस्था सिर्जना हुने बताएका छन् । संयुक्त विज्ञप्तिमा भनिएको छ, 'नेपालको समग्र आर्थिक विकासमा निजी क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको सर्वविदितै छ । उद्योग, व्यापार, बैंकिङ, ऊर्जा, कृषि, पर्यटन, सञ्चारलगायत अन्य विभिन्न पूर्वाधार विकास तथा सेवा क्षेत्रमा निजी क्षेत्रले गरेको लगानीले देशको समृद्धिमा उल्लेखनीय योगदान पुऱ्याएको छ तर विकासका कार्य रोक्न भइरहेका पछिल्ला गतिविधिले नेपालमा लगानी गर्ने स्वदेशी तथा विदेशी लगानीकर्तालाई नकारात्मक सन्देश प्रवाह गर्ने हुनाले सम्बन्धित सरोकारवालालाई यस विषयमा गम्भीर बन्न, विकास निर्माण कार्यलाई सहज र निर्वाधरूपमा सञ्चालन गर्ने वातावरण सिर्जना गर्न आग्रह गर्दछौं ।'

पर्यटनमा निजी क्षेत्रले अर्बौं रुपैयाँ लगानी गरिसकेको, हजारौं नेपालीलाई प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा रोजगारी प्रदान गरिरहेको अवस्थामा पाथीभरा (मक्कुम्लुङ) मा बन्ने पर्यटकीय पूर्वाधारले त्यहाँ जान चाहने वृद्धवृद्धा, अशक्त, बालबालिकासहित अन्य यात्रुलाई सुरक्षित, छिटो र सुविधाजनक यात्रा उपलब्ध गराउनुका साथै पूर्वाधार निर्माणले त्यहाँको धार्मिक, सांस्कृतिक तथा साहसिक पर्यटन प्रवर्द्धन, कृषि, हस्तकला विकासमार्फत् व्यवसायको प्रवर्द्धनका साथै स्थानीयका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारीका अवसर सिर्जना हुने र देशकै पर्यटन विकासमा सकारात्मक प्रभाव पार्ने विज्ञप्तिमा उल्लेख छ ।

त्यस्तै, केबलकार निर्माणका लागि स्थानीय तह र स्थानीय बासिन्दाहरू सहमत भएको धारणा राखिरहेका सन्दर्भमा केबलकार बन्न दिनुहुँदैन भनेर बाह्य हस्तक्षेपसहित केबलकार निर्माण कार्यमा अवरोध हुनुलाई दुःखदमात्र नभई विकास प्रवाह रोक्ने प्रयासका रूपमा निजी क्षेत्रले लिएको समेत विज्ञप्तिमा उल्लेख छ ।

उनीहरूले विकासमा देखिएको अवरोध कुनै एउटा परियोजनाको विरोधमात्रै नभएर देशको पूर्वाधार विकासका लागि लगानीमैत्री वातावरण बिथोलिने अवस्था सिर्जना हुनुका साथै नेपालमा लगानी गर्ने लगानीकर्तामा नकारात्मक सन्देश प्रवाह गर्ने बताएका छन् । त्यस्तै, उनीहरूले समस्या समाधान वार्ताबाट गर्न सकिने जनाउँदै विकासको उक्त प्रयासलाई सकारात्मकरूपमा ग्रहण गर्न र पाथीभरा (मक्कुम्लुङ) केबलकार परियोजना सहज र निर्वाधरूपमा अघि बढाउन स्थानीय समुदाय, सम्बन्धित निकाय तथा सरोकारवालालाई निजी क्षेत्रले हार्दिक अपिलसमेत गरेको छ ।

यसैबीच महासंघका कोशी, गण्डकी र कर्णाली प्रदेशका सभापतिहरूले पनि छुट्टाछुट्टै विज्ञप्ति जारी गर्दै सो सम्बन्धमा महासंघ प्रदेश समितिको ध्यानाकर्षण भएको जनाएका छन् । उनीहरूले कोरोना महामारीलगायतका कारण संकटमा परेको अर्थतन्त्रको विकास गरी पुरानै अवस्थामा ल्याउन नेपाल सरकार र निजी क्षेत्र लागिपरिरहेको अवस्थामा विकासका लागि भइरहेका प्रयासमा अवरोध हट्नुपर्ने धारणा राखेका छन् ।

'राज्यको नियम कानुन तथा प्रणालीले स्वीकृति तथा अनुमति प्रदान गरेर तथा स्थानीय नागरिकको भावना र चाहनाबमोजिम नै निर्माणको काम सुरु गर्दै गर्दा उत्पन्न बाह्य परिस्थितिले आयोजनालाई जे जसरी अवरोध उत्पन्न गर्न खोजिएको छ, त्यसबाट नेपालको आर्थिक विकासका लागि अत्यावश्यक स्वदेशी एवं विदेशी लगानीका क्षेत्रमा पक्कै पनि सकारात्मक सन्देश दिएको छैन,' विज्ञप्तिमा भनिएको छ ।

त्यस्तै, देशका कयौं स्थानमा पर्यटन पूर्वाधार निर्माण गरी १०औं हजार व्यक्तिलाई रोजगारी प्रदान गरिरहेको तथा राजस्वका माध्यमबाट मुलुकको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याइरहेको देशको व्यावसायिक ग्रुपको अगुवाइमा निर्माण हुन लागेको केबलकारविरुद्धमा जे-जस्ता क्रियाकलाप देखिएका छन्, त्यसले पक्कै पनि देशमा लगानीको वातावरण बनाउने नभएर भत्काउने काम गरिरहेको उनीहरूको भनाइ छ ।

# नाडाको सहयोगमा पोखरामा वाडा अटो शो हुने

**हिमालय टाइम्स**
काठमाडौं, २२ माघ

नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालको सहयोगमा पोखरामा वाडा अटो शो आयोजना हुने भएको छ । काठमाडौंमा नाडाले आफ्नो संस्थागत सदस्य पश्चिमाञ्चल अटोमोबाइल डिलर्स एसोसिएसन (वाडा) का नवनिर्वाचित पदाधिकारी तथा सदस्यलाई स्वागत तथा सम्मान गर्दै उक्त घोषणा गरेको हो । नाडाका अध्यक्ष करण चौधरीको उपस्थितिमा आयोजित छलफल कार्यक्रममा वाडाका नवनिर्वाचित अध्यक्ष दिपेन्द्र कोइरालाले पोखरामा पहिलोपटक वाडा अटो शो आयोजना गर्न नाडाका तर्फबाट आवश्यक सहयोगका लागि औपचारिकरूपमा आग्रह गर्नुभएको थियो ।

चैत १३ देखि १७ सम्म पोखरामा वाडा अटो शो आयोजना गर्ने र त्यसका लागि तत्कालै सम्भाव्यता अध्ययन गरी त्यसको सर्वे रिपोर्टका आधारमा अन्य कार्य अघि बढाउने निर्णय भएको नाडाले जनाएको छ । वाडा अटो शोका लागि नाडाले मुख्य सल्लाहकारको भूमिका निर्वाह गर्नेछ । सो अवसरमा नाडाका अध्यक्ष चौधरीले वाडाका अध्यक्ष दिपेन्द्र कोइरालालाई शुभकामना सोभेनियरसमेत प्रदान गर्नुभएको थियो । छलफल कार्यक्रम सञ्चालन नाडाका महासचिव सुरेन्द्रकुमार उप्रेतीले गर्नुभएको थियो भने धन्यवाद ज्ञापन नाडाका वरिष्ठ उपाध्यक्ष आकाश गोल्छाले गर्नुभएको थियो । नाडाले सन् १९९८ देखि नाडा अटो शो हरेक वर्ष राजधानीमा आयोजना गर्दै आएको सन्दर्भमा १६औं संस्करणको नाडा अटो शो २०२४ समेत गत भदौमा भृकुटीमण्डपमा आयोजना गरेको थियो ।

सो अवसरमा नाडाका निवर्तमान अध्यक्ष डा. ध्रुव थापा, उपाध्यक्ष राजनबाबु श्रेष्ठ, सचिव विक्रम सिंहानिया, सहकोषाध्यक्ष पंकज अग्रवाल, केन्द्रीय कार्यसमिति सदस्यद्वय कपिल शिवाकोटी, मेघराज पौडेल, दिपेन्द्रकुमार मिश्रा, सौरभ थापा, अभिक ज्योती, आमन्त्रित सदस्यद्वय अनुपकुमार बराल, नवीनकुमार पारख, नारायणप्रसाद पौडेल, प्रकाश सिग्देल र प्रगुन राजभण्डारी तथा वाडातर्फबाट वरिष्ठ उपाध्यक्ष शिव श्रेष्ठ, उपाध्यक्ष निरन केसी, महासचिव विनय थापा, कोषाध्यक्ष अशोक चालिसे, सचिव दिपेन्द्र भण्डारी, कार्यसमिति सदस्यद्वय शिवओम बराल, प्रतीक सुवेदी, हरि तिवारी र कार्यालय सचिव गोविन्द पौडेलको उपस्थिति रहेको नाडाले जनाएको छ ।

**A.B. STAR PVT. LTD**
Ward-15, Swoyambhu, Kathmandu

| Specification | Details | MRP |
|---|---|---|
| Manufacture | AUCMA(Hongkong) Electric Co., Limited | Rs. 53,400/- |
| Type of Product | MIRAZ BRAND WASHING MACHINE | |
| Model No. | MZ 909-24 | |

# कतारमा नेपाली श्रमिकलाई नबिलको वित्तीय साक्षरता

**हिमालय टाइम्स**
काठमाडौं, २२ माघ



नबिल बैंकले कतारमा रहेका नेपाली आप्रवासी श्रमिकलाई लक्षित गरी सुरक्षित बैंकिङ कारोबारसम्बन्धी चेतनामूलक कार्यक्रम आयोजना गरेको छ । बैंकका अनुसार कतारको ऱ्याडिसन ब्लु होटलमा आयोजित 'घर त नेपाल' शीर्षक कार्यक्रममा एक सयभन्दा बढी नेपाली आप्रवासी श्रमिकको सहभागिता थियो । नबिल इन्भेष्टमेन्ट बैंकिङ र नबिल स्टक डिलर लिमिटेडको समन्वयमा आयोजित कार्यक्रममा नबिल बैंकका विभिन्न विभागका प्रतिनिधिले रेमिट्यान्स, निक्षेप, डिजिटल बैंकिङ, कर्जा तथा लगानीका साथै वित्तीय सचेतना, वित्तीय सेवाको उपयोग, बचत र लगानीका सम्बन्धमा अन्तरक्रियात्मक छलफल गरेका थिए । कार्यक्रममा विदेशबाट फर्किएका नेपाली कामदारको उद्यमशीलता प्रवर्द्धन गर्ने उद्देश्यले ल्याइएको 'नबिल दक्ष प्रवासी उद्यमशील कर्जा' बारेमा जनकारी दिइएको थियो । सो अवसरमा कतारका लागि नेपाली राजदूत रमेशचन्द्र पौडेलले औपचारिक माध्यमबाट रकम नेपाल पठाउँदा नेपालको समग्र अर्थतन्त्रलाई फाइदा पुग्ने भएकाले पैसा पठाउँदा औपचारिक माध्यम प्रयोग गर्न आग्रह गर्नुभएको थियो । उहाँले भन्नुभयो, 'आर्थिक सुरक्षाका लागि प्रवासी नेपालीहरूले आफ्नो रेमिट्यान्स सुरक्षित र व्यवस्थितरूपमा औपचारिक बैंकिङ प्रणालीमार्फत् पठाउनुपर्छ । यसले तपाईंहरूको मिहिनेतको सही संरक्षण गर्नेमात्र होइन, नेपालकै आर्थिक स्थायित्वमा महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ ।'

नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगानाले नेपाल र कतार दुवै देशको अर्थतन्त्रको विकासमा नेपाली श्रमिकको महत्त्वपूर्ण योगदान रहेकामा जोड दिनुभयो । कतारमा भारतीयपछि नेपाली श्रमिकको संख्या सबैभन्दा धेरै रहेको उल्लेख गर्दै उहाँले आफूहरू कतार आउनुको उद्देश्य डिजिटल सेवाबारे जानकारी गराउनु रहेको बताउनुभयो । जसमा कतारको मोबाइल प्रयोग गरी अनलाइनमार्फत् बैंकमा खाता खोल्न, कर्जाका लागि आवेदन दिन तथा बैंकअन्तर्गतका अन्य कम्पनीमार्फत् एसआइपी, म्युचुअल फण्ड र सेयर बजारमा लगानी गर्न सकिने उहाँको भनाइ थियो ।

नबिल बैंकका नायब महाप्रबन्धक आदर्श बजगाईंले भन्नुभयो, 'नेपालको अग्रणी वित्तीय संस्थाका रूपमा हामी विदेशमा श्रम गरिरहेका नेपालीहरूको ठूलो योगदानलाई सम्मान गर्छौं । हाम्रो उद्देश्य भनेकै तपाईंहरूको मिहिनेतको उचित सदुपयोग गर्दै तपाईंहरूको आर्थिक सुरक्षालाई सुनिश्चित गर्ने वित्तीय उपकरण उपलब्ध गराउनु हो ।'

गैरआवासीय नेपाली संघ (एनआरएनए), कतारका अध्यक्ष रमेश भट्टले प्रवासी समुदायमा वित्तीय सचेतनाको आवश्यकतामा जोड दिनुभयो । उहाँले भन्नुभयो, 'वित्तीय साक्षरताले दीर्घकालीन समृद्धिको ढोका खोल्छ । सचेत वित्तीय निर्णय गरेर र बैंकिङ सेवा सहीरूपमा उपयोग गरेर हामी रेमिट्यान्सलाई दिगो लगानीमा रूपान्तरण गर्न सक्छौं, जसले हाम्रो परिवार र नेपालको अर्थतन्त्रलाई फाइदा पुऱ्याउँछ ।' नेपाल व्यवसाय संघ कतारका अध्यक्ष महेन्द्रप्रसाद चम्लागाईंको महत्त्वपूर्ण योगदान रहेको थियो भने कार्यक्रमको अन्त्यमा स्ट्याण्डअप कमेडियन सुमन कार्कीले प्रस्तुति दिनुभएको थियो ।

नबिल बैंकले लामो समयदेखि कतारमा रहेका नेपाली श्रमिकलाई नेपालमा पैसा पठाउन सेवा प्रवाह गर्दै आएको छ । कतारबाट श्रमिकले पठाएको पैसा नेपालका कुनै पनि बैंकका खातामा तुरुन्तै जम्मा गर्न सकिन्छ । साथै उनीहरूले पठाएको रेमिट्यान्स मुलुकका विभिन्न स्थानमा रहेका २० हजारभन्दा बढी नबिल रेमिटका एजेन्टबाट सहजै प्राप्त गर्न सकिने बैंकले जनाएको छ ।

**Golanjor Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Gwaltar-3, Sindhuli**
**Bagmati Province, Nepal**

**Invitation for Bids**

**(First Date of Publication: 23rd Magh 2081)**

1. The Golanjor Rural Municipality invites sealed bids from the eligible bidders for the procurement of following works under National Competitive Bidding (NCB) procedure:

| Contract ID No. | Description | Estimated Amount NRs. (Excluding Vat & Contingencies) | Minimum Bid Security Amount (NRS) | Cost for Bid document (NRs) |
|---|---|---|---|---|
| GRM/SIN/WORKS /NCB/22/081/82 | Tinmure Bhaktiram Sadak Staronnati | 86,29,699.00 | 2,50,000.00 | 3,000.00 |
| GRM/SIN/WORKS /NCB/23/081/082 | Gwaltar Okhle Khokling Wada Karyalaya Sadak Staronnati | 86,97,508.74 | 2,50,000.00 | 3,000.00 |
| GRM/SIN/WORKS /NCB/24/081/082 | Baraha Ghoksila Chhetpa Nayakharka Sadak Staronnati | 89,83,699.09 | 2,50,000.00 | 3,000.00 |
| GRM/SIN/WORKS /NCB/25/081/082 | Ghattakulo Staronnati Tatha Bistar | 87,76,322.50 | 2,50,000.00 | 3,000.00 |
| GRM/SIN/WORKS /NCB/26/081/082 | Mahakal Bhadaure Bhagatar Sadak Starronnati | 21,57,988.56 | 70,000.00 | 3,000.00 |

2. Eligible bidders may obtain the further information and inspect the bidding documents at the office within office hours or may visit PPMO egp system website www.bolpatra.gov.np/egp.

***Chief Administrative Officer***

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल